**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

# प्रेस विज्ञप्ति - २००६ अप्रिल २७ (२०६२ वैशाख १४,

## नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, बेलबारी हत्याको पूर्ण स्वतन्त्र न्यायिक छानविनको आग्रह गर्दछ

शाही नेपाली सेनाद्वारा पछिल्लोपटक मोरङ जिल्लाको बेलबारीमा २५ र २६ अप्रिलका दिन निसस्त्र ७ सर्वसाधारणको हत्याको नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय, निन्दा गर्दछ र नेपालमा यस्ता अन्य हत्या हुन नदिने सुनिश्चितताका निम्ति कदम चाल्न आग्रह गर्दछ ।

यो गोलीकान्डको अनुसन्धान प्रारम्भ गर्न २६ अप्रिल बुधवार, नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयले बेलबारी, इटहरी र धरानमा आफ्नो टोली खटाएको थियो । २५ अप्रिलका दिन एकजना महिला शाही नेपाली सेनाका सिपाहीहरूद्वारा मारिएकोमा उच्चायुक्तको कार्यालय पुष्टि गर्दछ र अघिल्लो दिन ती महिलामाथि भएको भनिएको बलात्कार र उनको हत्याको विरोधमा भेला भएका प्रदर्शनकारीमाथि सेनाले कैयौं राउन्ड चलाएको गोलीबाट थप ६ जना नागरिक मारिएका थिए । यस प्रहारमा अन्य २० जना भन्दा बढी घाइते भएको पुष्टि भएको छ ।

२६ अप्रिलका दिन प्रदर्शनकारीहरूले गोली प्रहार गरेको वा ती नागरिकहरू सशस्त्र थिए वा शाही नेपाली सेनाका सदस्यहरूको जीवनलाई उनीहरूले खतरा पुऱ्याएको भन्ने शाही नेपाली सेनाको भनाइलाई पुष्टि गर्ने नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयले कुनै प्रमाण पाएको छैन ।

१९ अप्रिलमा झापा जिल्लाको चन्द्रगढीमा प्रदर्शनकारीहरूमाथि चलाएको गोली प्रहारपछि पूर्वाञ्चलमा १० दिनभन्दा थोरै समयमा शाही नेपाली सेनाका सिपाहीहरूले सर्वसाधारणहरूमाथि जीवित गोली (Live ammunition) प्रहार गरेको यो दोस्रो पटक हो । झापा गोली प्रहारमा दुईजना मारिएका थिए भने कम्तीमा १३ जना सर्वसाधारण गोलीबाट घाइते भएका थिए ।

शाही नेपाली सेनाका सदस्यहरूबाट सर्वसाधारणमाथि भएको पछिल्लो गोलीकाण्डले सर्वसाधारण जनताका मानवअधिकारको उल्लङ्घन हुँदा सुरक्षाफौजका सदस्यहरू जवाफदेही हुनुपर्ने आवश्यकतामाथि जोड दिएको छ । सर्वसाधारणविरुद्ध सैन्यकर्मीहरूद्वारा भएका उल्लङ्घनहरूको गैरसैनिक न्याय संयन्त्रमार्फत् उचित ढङ्गले उपचार खोजिनुपर्ने कुरामाथि उच्चायुक्तको कार्यालय जोड दिन चाहन्छ । यस्ता संयन्त्रहरूमा पारदर्शी छानबिन, गैरसैनिक न्यायालयसमक्ष मुद्दा चलाउने तथा उचित दण्डसजाय दिनेजस्ता कुराहरू पर्दछन् ।

तसर्थ, बेलबारीमा गोलीकाण्डबारे सकेसम्म चाँडो पूर्ण रूपले स्वतन्त्र न्यायिक छानबिन गर्न उच्चायुक्तको कार्यालय अनुरोध गर्दछ । यो छानबिनले अप्रिल २५ र २६ मा वास्तवमा के भएको हो, सोबारे तथ्यहरूको खोजी गरी दोषीलाई सजाय दिन संयन्त्रका लागि एवं यस्ता उल्लङ्घनका घटनाहरू पुनः नदोहोरिउन् भन्ने सुनिश्चित गर्ने उपायहरूका निम्ति सिफारिस गर्नुपर्दछ ।

"अहिलेको सङ्क्रमणको अवस्थामा नेपालमा जवाफदेहीताको नयाँ वातावरण स्थापना गर्न अत्यन्त आवश्यक छ । निःशस्त्र सर्वसाधारणमाथि भएको गोली प्रहार अक्षम्य छ । विधिको शासनमा सर्वसाधारणको विश्वास स्थापित गर्नका निम्ति उचित छानबिन तथा दोषीविरुद्ध कारबाही गर्नु अति महत्वपूर्ण छ । छानबिनमा राखिएकाहरूलाई अविलम्ब निलम्बन गर्नुपर्छ," संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका नेपाल प्रतिनिधि इयान मार्टिनले भन्नुभएको छ ।

देशभर १९ दिनसम्म चलेको सार्वजनिक प्रदर्शनहरूको क्रममा घटेका हत्याबारे उच्चायुक्तको कार्यालयले आफ्नो अनुसन्धान जारी राखेको छ र नयाँ सरकारले स्थापना गर्ने कुनै पनि औपचारिक छानबिनलाई आफ्ना निष्कर्षहरू उपलब्ध गराउने छ ।

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोन: ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइल: ९८५१०१४२६३; फ्याक्स: ४६७ ०७१२*
*इमेल:* ***kdwyer@ohchr.org***